# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४०) काठमाडौं, माघ २८ गते २०४७ साल (अतिरिक्ताङ्क५३

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्‌को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### प्रतिनिधिसभाको सदस्यको निर्वाचन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः संसदको प्रतिनिधिसभाको सदस्यको निर्वाचनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२६ बमोजिम मन्त्रिपरिषद्‌को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

अधिकारिकता मुद्रण बिभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद– १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ ।

(ख) "निर्वाचन" भन्नाले यस ऐन बमोजिम निर्वाचन हुने प्रतिनिधिसभाको सदस्यको आम निर्वाचन, मध्यावधि निर्वाचन र उप–निर्वाचन सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले संविधानको धारा १०३ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(घ) "मतदाता" भन्नाले दफा १० बमोजिमको मतदाता सम्झनु पर्छ ।

(ङ) "उम्मेदवार" भन्नाले दफा ३१ बमोजिमको उम्मेदवार सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले यस ऐन बमोजिम निर्वाचित हुने वा भएको प्रतिनिधिसभाको सदस्य सम्झनु पर्छ ।

(छ) "निर्वाचन अधिकृत" भन्नाले मुख्य निर्वाचन अधिकृत-लाई समेत जनाउँछ ।

(ज) "मतदान अधिकृत" भन्नाले सहायक मतदान अधिकृत-लाई समेत जनाउँछ ।

(झ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा वा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

६४८

६५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद– २
## निर्वाचन क्षेत्र

३. **निर्वाचन क्षेत्रः** (१) संसदको प्रतिनिधिसभाको सदस्यहरूको निर्वाचनको लागि संविधानको धारा ४५ बमोजिम २०५ निर्वाचन क्षेत्रहरू रहनेछन् ।

(२) निर्वाचन क्षेत्रको विभाजन संविधानका धारा १०५ बमोजिम गठित निर्वाचन क्षेत्र निर्धारण आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको निर्वाचन क्षेत्रको सीमाना कानूनद्वारा अन्यथा व्यवस्था भएमा वाहेक अर्को राष्ट्रिय जनगणना भएपछि निर्वाचन क्षेत्र निर्धारण आयोगले निर्वाचन क्षेत्रको पुनः निर्धारण नगरेसम्म कायम रहनेछ ।

परिच्छेद– ३
## नामदर्ता अधिकारी, निर्वाचन अधिकृत र मतदान अधिकृत

४. **मतदाता नामदर्ता अधिकारीः** (१) प्रत्येक निर्वाचन क्षेत्रको निमित्त मतदाता नामावली तयार गर्न आयोगले मतदाता नामदर्ता अधिकारी नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) यस ऐन अन्तर्गत बनेको नियम तथा आयोगको निर्देशनको अधीनमा रही मतदाता नामदर्ता अधिकारीले मतदाताको नाम सङ्कलन गर्न सो कामको निमित्त आवश्यक सङ्ख्यामा कर्मचारीहरू वा योग्य व्यक्तिहरूलाई खटाउन सक्नेछ ।

५. **निर्वाचन अधिकृतको नियुक्तिः** (१) आयोगले निर्वाचनको प्रयोजनको लागि प्रत्येक जिल्लामा मुख्य निर्वाचन अधिकृत र प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) निर्वाचन अधिकृतले श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वामित्वमा रहेको स्वशासित संस्थाका कर्मचारीहरूलाई निर्वाचनको काम गर्न खटाउन सक्नेछ ।

(३) निर्वाचन अधिकृतले निर्वाचनको काम गर्न खटाएको कर्मचारीलाई आवश्यकता अनुसार आफ्नो सबै वा केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ । यसरी अधिकार प्रत्यायोजन गर्दा मनोनयन-पत्र जाँच्ने, सदर वा बदर गर्ने वा खारेज गर्ने वा मतगणना गर्ने वा मतगणना परिणाम घोषणा गर्ने काम प्रत्यायोजन गर्न सक्ने छैन ।

६. मुख्य निर्वाचन अधिकृतको कर्तव्य: (१) मुख्य निर्वाचन अधिकृतले आयोगको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको जिल्ला-भित्रको निर्वाचन क्षेत्रहरूको निर्वाचन सम्बन्धी सम्पूर्ण कामको सुपरिवेक्षण, नियन्त्रण, निर्देशन र समन्वय गर्नु निजको कर्तव्य हुनेछ ।

(२) मुख्य निर्वाचन अधिकृतले आफूलाई तोकिएको निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको काम कर्तव्य समेत पालन गर्नेछ ।

७. निर्वाचन अधिकृतको काम कर्तव्य: (१) निर्वाचनको लागि आफू खटिएको निर्वाचन क्षेत्रमा यस ऐन बमोजिम निर्वाचन गराउने सम्बन्धी सम्पूर्ण कार्य स्वतन्त्र र निष्पक्ष भई गर्नु गराउनु निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन गर्दा निर्वाचन अधिकृतले आयोग तथा मुख्य निर्वाचन अधिकृतले दिएको निर्देशनको अधीनमा रही गर्नेछ र सो बाहेक निर्वाचन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. मतदान अधिकृतको नियुक्ति: आयोगले नियुक्त गरेको अवस्थामा बाहेक मुख्य निर्वाचन अधिकृतले सम्बन्धित जिल्लाभरको लागि वा निर्वाचन अधिकृतले सम्बन्धित निर्वाचन क्षेत्रको लागि आवश्यक सङ्ख्यामा श्री ५ को सरकारको वा श्री ५ को सरकारको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वामित्वमा रहेको स्वशासित संस्थाका कर्मचारीहरूलाई मतदान अधिकृत र सहायक मतदान अधिकृत नियुक्त गर्न सक्नेछ ।

९. मतदान अधिकृतको कर्तव्य: (१) निर्वाचनको लागि आफू खटिएको मतदान केन्द्रमा मतदान अधिकृतले र उप–मतदान केन्द्रमा खटिएको सहायक मतदान अधिकृतले यो ऐन र यस ऐन अन्तर्गतको नियम वा आदेशले तोके बमोजिमको मतदान गराउने सम्बन्धी सम्पूर्ण कार्य स्वतन्त्र र निष्पक्ष भई सम्पन्न गराउनु निजको कर्तव्य हुनेछ ।

(२) मतदान अधिकृत तथा सहायक मतदान अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

परिच्छेद–४

मतदाता नामावली

१०. मतदाता: (१) कुनै निर्वाचन क्षेत्रमा आफ्नो स्थायी बसोबास भएको र दफा ११ बमोजिम मतदान गर्न उमेर पुग्ने मिति-सम्ममा अठार वर्ष उमेर पूरा भएको वा हुने नेपाली नागरिक सो निर्वाचन क्षेत्रबाट निर्वाचित हुने सदस्यको निर्वाचनमा मतदाता हुनेछ ।

(२) प्रत्येक मतदातालाई मतदाता नामावलीमा निजको नाम दर्ता भएको निर्वाचन क्षेत्रमा मात्र मतदान गर्ने अधिकार हुनेछ ।

तर अस्थायी रूपमा कुनै अर्को निर्वाचन क्षेत्रमा गई बसोबास गरिरहेका अस्थायी वासिन्दाका हकमा निजको नाम अस्थायी मतदाता नामावलीमा तोकिएबमोजिम समावेश गर्ने व्यवस्था आयोगले गर्न सक्नेछ ।

११. मतदान गर्न उमेर पुग्ने मिति: यस ऐन बमोजिम हुने निर्वाचनमा मतदान गर्न उमेर पुग्ने मिति आयोगले तोके बमोजिम हुनेछ ।

तर यो ऐन प्रारम्भ भएपछि हुने पहिलो निर्वाचनको लागि मतदान गर्ने उमेर पुग्ने मिति २०४७ साल आश्विन मसान्तलाई मानिनेछ ।

६४८ ६४९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. मतदाता नामावली तयार गर्ने: (१) आयोगले आफ्नो रेखदेख, नियन्त्रण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रको निमित्त मतदाताहरूको नामावली तोकिएबमोजिम तयार गर्नेछ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तयार गरिएको २०४७ साल आश्विन मसान्तसम्ममा अठार वर्ष उमेर पुगेका व्यक्तिहरूको मतदाता नामावली यसै ऐन बमोजिम तयार गरिएको मानिने छ ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको मतदाता नामावलीलाई आधार मानी प्रत्येक वर्ष चैत्र मसान्तसम्ममा अठार वर्ष उमेर पुगेका मतदाताहरू समेत समावेश गरी मतदाता नामावली संशोधन गरिनेछ।

तर कुनै वर्ष यो उपदफा बमोजिम मतदाता नामावली संशोधन हुन नसकेको अवस्थामा सोही मतदाता नामावलीलाई आगामी वर्षको लागि पनि कायम राख्न यस दफाको कुनै कुराले पनि बाधा पुऱ्याउने छैन ।

(४) मतदान गर्न योग्यता पुगेको प्रत्येक नेपाली नागरिकले सो मतदाता नामावलीमा आफ्नो नाम समावेश गराउनु निजको कर्तव्य हुनेछ ।

१३. मतदाता नामावलीको प्रकाशन: (१) प्रत्येक आम निर्वाचनमा निर्वाचन क्षेत्रको मतदाता नामावली आयोगले दिएको कार्यक्रम अनुसार निर्वाचन अधिकृतले तोकिएबमोजिम प्रकाशित गर्नेछ। सो नामावलीमा कुनै व्यक्तिको नाम छुट भएकोमा दावी गरी दर्ता गराउन वा दर्ता भएको कुनै मतदाताको नाम, उमेर, बसोबास वा अन्य कुनै व्यहोरा सच्याउन वा दर्ता हुनु नपर्ने कुनै मतदाताको नाम हटाउन विरोध गर्न तोकिएबमोजिमको म्याद दिइनेछ ।

६५० ६२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम दावी वा विरोध पर्न आएमा तोकिएबमोजिम जाँचबुझ गरी मतदाता नामावलीमा थपघट गर्नु पर्ने भएमा आवश्यक थपघट गरी अन्तिम मतदाता नामावली तयार गरिनेछ । त्यस्तो मतदाता नामावली तोकिए-बमोजिम प्रकाशित हुनेछ ।

१४. मतदाता नामावली स्वीकार्य हुने अवधिः कुनै निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावली प्रकाशित भएपछि सो मतदाता नामावलीमा कुनै हेरफेर वा थपघट हुने छैन र निर्वाचन कार्यको लागि स्वीकार्य हुनेछ ।

१५. अदालतमा सवाल जवाफ नहुनेः देहायका कुराका सम्बन्धमा कुनै पनि अदालतमा कुनै पनि प्रश्न उठाउन पाइने छैन:–

(क) कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा कुनै व्यक्तिको नाम दर्ता भएको वा नभएको वा दर्ता गर्न हुने वा नहुने भन्ने विषयमा, र

(ख) मतदाता नामदर्ता अधिकारी वा निजले खटाएको अधिकार प्राप्त व्यक्तिले मतदाता नामावली तयार गरेको वा दफा १३ को उपदफा (२) बमोजिम सम्बन्धित अधिकारीले मतदाता नामावलीमा थप घट गरेको विषयमा ।

तर प्रचलित कानून बमोजिम गठित निर्वाचन विशेष अदालतको सम्बन्धमा यो दफा लागू हुनेछैन ।

## परिच्छेद–५

## राजनैतिक संगठन वा दलको नाम दर्ता

१६. राजनैतिक संगठन वा दलको रूपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न निवेदन दिनेः (१) संविधानको धारा ११३ बमोजिम निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त गर्न चाहने प्रत्येक राजनैतिक संगठन वा दलले आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको कार्यविधि पूरा गरी सोही सूचनामा तोकिदिएको समयभित्र आयोगको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने राजनैतिक संगठन वा दलले यस ऐन बमोजिम हुने निर्वाचनमा संविधानको धारा ११४ बमोजिम आफ्ना उम्मेदवारहरूमध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार खडा गर्ने कुरा समेत उल्लेख गर्नु पर्नेछ ।

१७. राजनैतिक संगठन वा दलको नाम दर्ता: (१) दफा १६ को उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि आयोगले सो राजनैतिक संगठन वा दलको सम्बन्धमा अन्य कुनै कुरा बुझ्न आवश्यक देखेमा सो समेत बुझी संविधान तथा यस ऐन बमोजिम रीत पुगेको वा नपुगेको हेरी सो संगठन वा दलको नाम दर्ता गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

(२) आयोगले उपदफा (१) बमोजिम नाम दर्ता नगर्ने निर्णय गर्दा सम्बन्धित संगठन वा दललाई आफ्नो मन्तव्य प्रस्तुत गर्ने मनासिब मौका दिनेछ । यसरी मौका दिइएकोमा त्यस्तो संगठन वा दलले प्रस्तुत गरेको मन्तव्य समेतमा आवश्यक विचार गरी आयोगले सो संगठन वा दलको नाम दर्ता गर्ने वा नगर्ने निर्णय गर्नेछ र आयोगले गरेको सो निर्णय अन्तिम हुनेछ ।

(३) दफा १६ को उपदफा (१) बमोजिम निवेदन दिने दुई वा दुई भन्दा बढी राजनैतिक संगठन वा दलको नाम एउटै देखिन आएमा आयोगले सम्बन्धित संगठन वा दलको राय बुझी त्यस्ता संगठन वा दल छुट्टाछुट्टै रूपमा चिनिने गरी सम्बन्धित संगठन वा दलको नाम मिलाई दर्ता गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. <u>एउटै नामबाट एकभन्दा बढी राजनैतिक संगठन वा दल दर्ता नहुने:</u> यस ऐन बमोजिम कुनै राजनैतिक संगठन वा दलको नाम दर्ता भइसकेपछि सोही नामबाट अन्य कुनै राजनैतिक संगठन वा दलको नाम दर्ता गरिने छैन ।

१९. <u>संगठन वा दल फुटी दर्ता गर्न आएमा:</u> यस ऐन बमोजिम नाम दर्ता भएको कुनै राजनैतिक संगठन वा दल आपसमा फुटी वा छुट्टिई मूल संगठन वा दलको केन्द्रीय कार्यकारिणी समितिको कम्तीमा चालीस प्रतिशत सदस्यहरूले आफ्नो सदस्यताको हैसियत र सबूद समेत संलग्न राखी अर्कै संगठन वा दलको नाम राखी वा सोही संगठन वा दलको नामको छुट्टै समूह भनी जनिने नामबाट दर्ता गरीपाउन दफा २५ को उपदफा (१) बमोजिम निर्वाचनको सूचना प्रकाशित हुनु भन्दा अगावै आयोगको कार्यालयमा निवेदन दिएमा आयोगले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो राजनैतिक संगठन वा दलको नाम दर्ता गर्न सक्नेछ ।

२०. <u>संगठन वा दलहरू संयुक्त भएमा:</u> (१) यस ऐन बमोजिम दर्ता भएका कुनै दुई वा सो भन्दा बढी राजनैतिक संगठन वा दलहरूले आपसमा सम्झौता गरी दर्ता भैरहेको कुनै संगठन वा दलको नाममा वा नयाँ नाममा संयुक्त हुने वा गाभिने भई सोही व्यहोरा खुलाई त्यसरी संयुक्त हुने वा गाभिने संगठन वा दलहरूका केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरूले दफा २५ को उपदफा (१) बमोजिम निर्वाचनको सूचना प्रकाशित हुनु भन्दा अगावै आयोगको कार्यालयमा निवेदन दिएमा आयोगले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो संयुक्तभएको वा गाभिएको स्वरूपलाई मान्यता दिई दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संयुक्त हुने वा गाभिने संगठन वा दलहरूमध्ये कुनै संगठन वा दलको केन्द्रीय कार्यकारिणी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिका कम्तीमा चालीस प्रतिशत सदस्यहरूले सो बमोजिम संयुक्त हुने वा गाभिने कुरामा मञ्जूर नगरी साविकको संगठन वा दल कायम राख्ने निर्णय गरी दफा २५ को उपदफा (१) बमोजिम निर्वाचनको सूचना प्रकाशित हुनु भन्दा अगावै उपदफा (१) बमोजिमको कारवाईको विरोध गरी निवेदन दिएमा सो सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ गरी उचित वा मनासिव लागेमा त्यस्तो संगठन वा दलको साविक बमोजिमको दर्ता कायम राख्न सक्नेछ। यस उपदफा अनुसार साबिकको संगठन वा दलको दर्ता कायम राखिएकोमा त्यसको केन्द्रीय कार्यकारिणी समितिका हालका पदाधिकारीहरूको सम्वन्धमा त्यस्तो निवेदन दिने व्यक्तिहरूले पेश गरे बमोजिम आयोगले जनाई राख्नेछ।

२१. **संगठन वा दलको विधान वा अन्य विवरणको संशोधनको जानकारी:** यस ऐन बमोजिम दर्ता भएका कुनै राजनैतिक संगठन वा दलको विधान वा घोषणापत्र वा नियममा कुनै संशोधन गरिएमा वा त्यस्तो संगठन वा दलको सम्वन्धमा दफा १६ को उपदफा (१) बमोजिम पेश गरिएको निवेदनमा उल्लेखित विवरणमा कुनै परिवर्तन भएमा वा गरिएमा सो कुराको सूचना सो बमोजिम भएको मितिले पन्ध्र दिनभित्र आयोगलाई दिनु पर्नेछ।

२२. **आयोगलाई जानकारी दिने व्यक्तिको नाम र दस्तखतको नमूना उपलब्ध गराउने:** (१) यस ऐन बमोजिम नाम दर्ता भएका राजनैतिक संगठन वा दलले यस परिच्छेदमा लेखिएका कुराका सम्बन्धमा आयोगलाई जानकारी दिंदा सो संगठन वा दलको केन्द्रीय कार्यकारिणी समितिको अध्यक्ष वा सचिवालयको मुख्य पदाधिकारीले लिखित रूपमा जानकारी दिनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि त्यस्तो जानकारी प्रदान गर्ने पदाधिकारीको नाम, थर, वतन र दस्तखतको नमूना समेत प्रमाणित गरी आयोगलाई उपलब्ध गराउनु पर्नेछ।

६५ अधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. राजनैतिक संगठन वा दलको नामावली प्रकाशित गरिने: यस ऐन बमोजिम आयोगमा नाम दर्ता गरिएका राजनैतिक संगठन वा दलको नामावली आयोगले समय समयमा नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

## परिच्छेद–६
## निर्वाचनको सूचना

२४. निर्वाचन: (१) यो ऐन प्रारम्भ भएपछि गठन हुने पहिलो प्रतिनिधिसभाको लागि र त्यसपछि संविधान बमोजिम कुनै प्रतिनिधिसभाको कार्यकाल समाप्त भई वा त्यस्तो कार्यकाल पूरा नहुँदै विघटन भएमा प्रतिनिधिसभाको सम्पूर्ण सदस्यहरूको स्थान पूर्ति गर्नको लागि आयोगले आम निर्वाचन गर्ने घोषणा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै प्रतिनिधिसभाको कार्यकाल समाप्त हुनुभन्दा अगावै विघटन भएमा आयोगले मध्यावधि निर्वाचनको घोषणा गर्नेछ ।

(३) कुनै निर्वाचन क्षेत्रबाट निर्वाचित सदस्यको पद निजको पदावधि समाप्त नहुँदै कुनै कारणवश रिक्त भएमा सो सदस्यको बाँकी अवधिको लागि सम्बन्धित निर्वाचन क्षेत्रमा उप-निर्वाचन हुनेछ ।

तर छ महीनाभन्दा कम पदावधि बाँकी रहने अवस्थामा उप-निर्वाचन हुने छैन ।

२५. निर्वाचनको सूचना: (१) आयोगले प्रतिनिधिसभाको सदस्यको निर्वाचनको लागि मतदान हुने मिति र समय तोकी सूचना जारी गर्नेछ र त्यस्तो सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

(२) आयोगले भौगोलिक अवस्था, मौसम तथा अन्य परिस्थिति समेत विचार गरी एक वा एकभन्दा बढी निर्वाचन क्षेत्र-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मा सदस्यको निर्वाचनको लागि मतदान गर्ने एउटै वा अलग अलग मिति तोक्न सक्नेछ र यसरी आयोगले तोकेबमोजिम एउटै वा अलग अलग मितिमा निर्वाचन कार्यक्रम अनुसार भएको निर्वाचन एकै पटक भएको मानिनेछ ।

२६. निर्वाचन कार्यक्रमको सूचना: (१) दफा २५ को उपदफा (१) बमोजिम निर्वाचनको सूचना प्रकाशित भएपछि सम्बन्धित निर्वाचन अधिकृतले आयोगले दिएको कार्यक्रम अनुसार उम्मेदवारको मनोनयन-पत्र दर्ता गर्ने, मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूचि प्रकाशित गर्ने, उम्मेदवारको विरोधमा उजूरी दिने, मनोनयनपत्रको जाँच गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशित गर्ने, उम्मेद-वारले नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने मिति, समय र स्थान तोकी निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम तयार गर्दा मनोनयन पत्र दाखिल गर्ने, त्यसमा विरोध गर्ने, त्यसको जाँच गर्ने, नामावली प्रकाशित गर्ने, नाम फिर्ता लिने समेत कार्यको लागि आवश्यक पर्ने दिन र समयको समेत विचार राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना प्रकाशित गर्दा उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरेको दिनदेखि मत-दान हुने दिनको बीचमा कम्तीमा तीस दिनको अन्तर रहनु पर्नेछ ।

(४) दफा २४ को उपदफा (२) र (३) बमोजिमको मध्यावधि निर्वाचन र उप-निर्वाचनको लागि पनि उपदफा (१), (२) र (३) बमोजिमको कार्यविधि पूरा गर्नु पर्नेछ ।

## परिच्छेद—७

## उम्मेदवार तथा मनोनयनपत्र

२७. उम्मेदवारको अयोग्यता: (१) देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन योग्य हुने छैन:–

६५५ ६६६ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) पच्चीस वर्ष उमेर पूरा नभएको,

(ख) गैर नेपाली नागरिक,

(ग) मगज बिग्रेको वा बहुलाएको,

(घ) साहुको दामासाहीमा परेको वा टाट उल्टेको,

(ङ) श्री ५ को सरकारको वा श्री ५ को सरकारका स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको वा श्री ५ को सरकारबाट अनुदान पाएको संस्थाको बहालवाला कर्मचारी,

(च) निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनैतिक पदमा कार्यरत व्यक्ति र निवृत्तिभरण पाई राखेको व्यक्ति बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने गरी कुनै लाभको पदमा कार्यरत रहेको व्यक्ति,

(छ) निर्वाचनसम्बन्धी अपराधमा प्रचलित कानून बमोजिम गठित निर्वाचन विशेष अदालतबाट कैदको सजाय पाई सो सजाय भोगीसकेको मितिले छ वर्ष भुक्तान नभएको,

(ज) नैतिक पतन देखिने फौजदारी मुद्दामा कैदको सजाय हुने अपराध गरे बापत दोषी ठहरिई दुई बर्ष वा सोभन्दा बढी कैदको सजाय पाइ सो सजाय भोगिसकेको मितिले छ वर्ष भुक्तान नभएको,

(२) उपदफा (१) को खण्ड (च) को प्रयोजनको लागि देहायको पदलाई लाभको पद मानिने छैन:–

(क) प्रधानमन्त्री, उप–प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीको पद,

(ख) प्रतिनिधिसभाको सभामुख, उपसभामुख र सदस्यको पद,

(ग) राष्ट्रिय सभाको अध्यक्ष, उपाध्यक्ष र सदस्यको पद,

(घ) प्रतिनिधिसभा र राष्ट्रिय सभाका विपक्षी दलको नेताको पद,

(ङ) संसदको कुनै समितिका सभापति र उपसभापतिको पद,

(च) गाउँ, नगर र जिल्लाका स्थानीय निकायका प्रमुख वा उपप्रमुख वा सदस्यको पद,

(छ) विश्वविद्यालयको सभा, कार्यकारी समिति वा कार्यकारी परिषद्का सदस्यको पद,

(ज) श्री ५ को सरकारले कुनै खास उद्देश्यको लागि विदेश पठाएको प्रतिनिधि मण्डल वा नियोगको सदस्यको पद, वा

(झ) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी लाभको पद होइन भनी तोकिदिएको अन्य कुनै पद ।

(३) उपदफा (१) को खण्ड (ज) को प्रयोजनको लागि राजकाज सम्बन्धी मुद्दामा सजाय पाएको व्यक्ति वा राजनैतिक आधारमा सजाय माफी पाई नेपाल राजपत्रमा प्रकाशित सूचनामा उल्लेख गरिएको व्यक्तिको हकमा निज सो खण्ड बमोजिम अयोग्य भएको मानिने छैन ।

२८. उम्मेदवारको उमेरको गणना: निर्वाचनमा उम्मेदवार हुनको लागि उम्मेदवारको उमेरको गणना गर्दा दफा ११ बमोजिम मतदान गर्ने उमेर पुग्ने मितिमा पच्चीस वर्ष उमेर पूरा गरेको हुनुपर्नेछ ।

२९. सदस्यता कायम नरहने: (१) प्रचलित कानून बमोजिम गठित निर्वाचन विशेष अदालतको फैसलाले कुनै सदस्यको निर्वाचन बदर भएमा त्यस्तो फैसला भएको मितिदेखि त्यस्तो सदस्यको प्रतिनिधिसभाको सदस्यता कायम रहने छैन ।

(२) कुनै सदस्य राष्ट्रिय सभाको सदस्य पदमा निर्वाचित वा मनोनीत भएमा निजको सदस्यता त्यसरी निर्वाचित वा मनोनीत भएको मितिदेखि स्वतः समाप्त हुनेछ ।

३०. **एकभन्दा बढी स्थानबाट निर्वाचित भएका सदस्यको सदस्यता:** (१) कुनै उम्मेदवार एकभन्दा बढी निर्वाचन क्षेत्रबाट निर्वाचित भएमा सो निर्वाचित उम्मेदवारले संसदको अधिवेशन शुरू भएको मितिले तीस दिनभित्र स्वेच्छाले कुनै एक निर्वाचन क्षेत्रको सदस्यता कायम राखी निज निर्वाचित भएको अन्य निर्वाचन क्षेत्रको सदस्यता त्याग गर्ने गरी लिखित रूपमा प्रतिनिधिसभाको सभामुख समक्ष राजीनामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राजीनामा पेश नगरेमा आयोगले निज सदस्य निर्वाचित भएको कुनै एक निर्वाचन क्षेत्रको सदस्यता कायम राखी निजको अन्य निर्वाचन क्षेत्रबाट निर्वाचित भएको सदस्यता कायम नरहेको निर्णय गर्न प्रतिनिधिसभाको सभामुखलाई अनुरोध गर्नेछ र सभामुखको निर्णय अनुसार निजको अन्य निर्वाचन क्षेत्रको सदस्यता कायम नरहेको सूचना आयोगले नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

३१. **उम्मेदवारको मनोनयन:** (१) संविधान र यस ऐन बमोजिम उम्मेदवार हुन योग्यता पुगेको र कुनै निर्वाचन क्षेत्रको मतदातामा नाम दर्ता भएको कुनै व्यक्तिलाई आफ्नो निर्वाचन क्षेत्रबाट निर्वाचित हुने सदस्यको निर्वाचनको लागि तोकिए-बमोजिम प्रस्ताव गरी उम्मेदवार मनोनयन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम मनोनयन गरिएको उम्मेदवारलाई सोही निर्वाचन क्षेत्रको कुनै मतदाताले समर्थन गरी सहिछाप गरेको हुनु पर्नेछ ।

(३) यस ऐन बमोजिम दर्ता भएको राजनैतिक संगठन वा दलले खडागरेको उम्मेदवारको सम्बन्धमा सो संगठन वा

६६१ अधिकारिकृत मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दलले निजलाई औपचारिक पत्र समेत दिएको हुनु पर्नेछ र त्यस्तो औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको सो सगठन वा दलका पदाधिकारीले त्यस्तो पत्रको एक प्रति निर्वाचन अधिकृतलाई समेत पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई प्रस्ताव गरिएको अवस्थामा निजले मनोनयनपत्रमा आफ्नो मञ्जूरी लेखि सहिछाप समेत गर्नु पर्नेछ ।

(५) कुनै व्यक्तिलाई एउटै निर्वाचन क्षेत्रमा पनि सोही निर्वाचनको लागि बढीमा पाँच मनोनयनपत्रद्वारा मनोनयन गर्न सकिनेछ ।

(६) कुनै व्यक्तिलाई एक भन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवार मनोनयन गर्न सकिनेछ ।

३२. राजनैतिक संगठन वा दलले खडा गर्ने उम्मेदवार: (१) यस ऐन बमोजिम नाम दर्ता भएका राजनैतिक संगठन वा दलले आफ्नो उम्मेदवार खडा गरेको औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको सो संगठन वा दलको पदाधिकारीको नाम, थर र पद उल्लेख गरी निजको दस्तखतको नमूना समेत प्रमाणित गरी सम्बन्धित संगठन वा दलको केन्द्रीय कार्यकारिणी समितिका अध्यक्ष वा सचिवालयको मुख्य पदाधिकारीले आयोगलाई पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरी खडा गरिएका उम्मेदवारलाई वा त्यस्तो दस्तखतको नमूनासंग नमिल्ने पदाधिकारीले दस्तखत गरेको पत्र लिई आउने व्यक्तिलाई सो संगठन वा दलको उम्मेदवारको रूपमा मान्यता दिइने छैन । निजलाई स्वतन्त्र उम्मेदवारको रूपमा मात्र कायम गर्न सकिनेछ ।

३३. मनोनयनपत्रको दर्ता: (१) उम्मेदवारको मनोनयनपत्र स्वयं उम्मेदवार वा निजको वारिस वा प्रस्तावकले सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृत समक्ष दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको मनोनयनपत्र सम्बन्धित निर्वाचन अधिकृतले यस ऐन बमोजिम रीतपूर्वकको छ छैन हेरी रीतपूर्वकको भए दर्ता गरी त्यसको निस्सा उम्मेदवार वा निजको वारिस वा प्रस्तावकलाई दिनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले प्रस्तावक नभएको वा प्रस्तावक दोहोरिएको वा यस ऐन बमोजिमको धरौटी राखेको निस्सा नभएको वा प्रस्तावक वा उम्मेदवार हुने व्यक्तिको सहिछाप नभएको वा अन्य रीत नपुगेको मनोनयनपत्र दर्ता गर्न ल्याएमा रीत नपुगेको जति सच्याउन लगाई सो मनोनयनपत्र दर्ता गर्नु पर्नेछ । यसरी रीत नपुगेको कुरा सच्याउनु पर्ने व्यहोरा नसच्याई मनोनयनपत्र दर्ता गराउन चाहेमा सोही व्यहोरा मनोनयनपत्रमा जनाई त्यसको सूचना मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई दिनुपर्नेछ ।

(४) मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशित गर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रकाशित सूचीमा उल्लेखित कुनै उम्मेदवारको विरोधमा उजूर दिन चाहने उम्मेदवार वा निजको वारिसले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा निर्वाचन अधिकृत समक्ष उजूरी दिन सक्नेछ ।

३४. मनोनयनपत्रको जाँच: (१) मनोनयनपत्र जाँच गर्न निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति समय र स्थानमा प्रस्तावक वा उम्मेदवार स्वयं वा निजले लिखित रूपमा अधिकार दिएको एक जना वारिस उपस्थित हुनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) मा उल्लेख गरिएका व्यक्तिहरूको समक्ष सम्पूर्ण उम्मेदवारहरूको मनोनयनपत्र जाँच गर्नेछ । तर त्यसरी उपस्थित हुनु पर्ने कुनै प्रस्तावक वा

उम्मेदवार वा निजको वारिस उपस्थित नभएमा पनि मनोनयनपत्र जाँच गर्न र सो सम्बन्धमा कानून बमोजिम निर्णय गर्न यस उपदफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(३) निर्वाचन अधिकृतले उम्मेदवारहरूको मनोनयनपत्र जाँच गर्दा दफा ३३ को उपदफा (५) बमोजिम कुनै उम्मेदवारको बिरोधमा उजूरी परेको रहेछ भने सो सम्बन्धमा समेत आवश्यक जाँचबूझ गरी निर्णय गर्नु पर्नेछ ।

तर मनोनयनपत्रमा रहेको सानो तिनो भूलचूकको कारणले मात्र सो मनोनयनपत्र बदर गरिने छैन ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "सानो तिनो भूलचूक" भन्नाले मतदाता नामावलीमा वा मनोनयनपत्रमा उम्मेदवार, प्रस्तावक वा निजहरूसंग सम्बन्धित व्यक्तिको नाम, थर, वतन वा क्रमसङ्ख्याको लेखाई वा छपाई सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको त्रुटि भएमा र सो त्रुटिले कुनै तात्विक फरक नपार्ने भएमा त्यस्तो त्रुटिलाई सानो तिनो भूलचूक सम्झनु पर्छ ।

(४) देहायको अवस्थामा बाहेक निर्वाचन अधिकृतले मनोनयनपत्रको जाँच सम्बन्धी कारवाई स्थगित गर्न सक्नेछैन:–

(क) मनोनयनपत्र जाँच गर्ने स्थानमा सो जाँच गर्ने समयमा हुलदङ्गा वा हिंसा भएमा, वा

(ख) प्राकृतिक विपत्तिको कारणले काबू बाहिरको परिस्थिति उत्पन्न भएमा ।

(५) उपदफा (४) बमोजिम मनोनयनपत्रको जाँच सम्बन्धी कारवाई स्थगित भएमा निर्वाचन अधिकृतले समय र स्थान तोकी भोलिपल्ट मनोनयनपत्रको जाँच गर्नेछ ।

३५. मनोनयनपत्र बदर हुने अवस्था: देहायको अवस्थामा मनोनयनपत्र बदर हुनेछ:–

(क) संविधान र यस ऐन बमोजिम उम्मेदवारको योग्यता नभएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उम्मेदवार हुने व्यक्तिको मन्जूरी नभएमा वा निजको वा निजलाई उम्मेदवार मनोनयन गर्ने प्रस्तावक र समर्थकको सहिछाप नभएमा वा किर्ते सहिछाप भएमा,

(ग) दफा ७४ बमोजिम दाखिल गर्नु पर्ने धरौटी नराखेमा,

(घ) दफा २६ बमोजिम तोकिएको समयभित्र मनोनयन-पत्र दर्ता नभएमा,

(ङ) दफा ३२ र ३३ मा लेखिए बमोजिम मनोनयन-पत्र दाखिल नभएमा, वा

(च) यस ऐन बमोजिमको अन्य रीत नपुगेको भएमा ।

३६. उम्मेदवारको नामावली: निर्वाचन अधिकृतले मनोनयनपत्रहरूको जाँच गरिसकेपछि कानून बमोजिम रीत पुगेका मनोनयनपत्र बमोजिमका उम्मेदवारहरूको तोकिएबमोजिम नामावली तयार गर्नु पर्नेछ र सो नामावलीको एक प्रति आफ्नो कार्यालयमा प्रकाशित गर्नु पर्नेछ ।

३७. नाम फिर्ता लिने: (१) कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको नामावलीवाट हटाउनको लागि नाम फिर्ता लिने इच्छा गरेमा दफा २६ को उपदफा (१) बमोजिम तोकिएको समय-भित्र निर्वाचन अधिकृतलाई तोकिएको तरीका अनुसार लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना उम्मेदवार आफैले वा निजको वारिसले दाखिल गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना निर्वाचन अधिकृत समक्ष दाखिल भैसकेपछि सो सूचना वदर गर्न वा फिर्ता लिन स्वीकृति पाउने छैन ।

(४) उपदफा (१) बमोजिम दाखिल भएको सूचनाको सत्यतामा निर्वाचन अधिकृत सन्तुष्ट भएमा निजले नाम फिर्ता लिने उम्मेदवारको नाम उम्मेदवारको नामावलीवाट हटाउनेछ र नाम हटाइएको सूचना निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा तुरुन्त प्रकाशित गर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) कुनै राजनैतिक संगठन वा दलले खडा गरेको कुनै उम्मेदवारको सम्वन्धमा सो संगठन वा दलको अधिकार प्राप्त व्यक्तिले निजको नाम फिर्ता लिने गरी निर्वाचन अधिकृतलाई दफा २६ को उपदफा (१) बमोजिम तोकिएको समयभित्र लेखिपठाएमा निजलाई सो संगठन वा दलको उम्मेदवारको रूपमा कायम राखिनेछैन र निजलाई स्वतन्त्र उम्मेदवारको रूपमा खडा भएको मानिनेछ ।

३८. उम्मेदवारको अन्तिम नामावली: (१) दफा २६ को उपदफा (१) बमोजिम उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले बाँकी रहेका उम्मेदवारहरूको अन्तिम नामावली तोकिएबमोजिम तयार गर्नु पर्नेछ र सो नामावलीको एक प्रति आफ्नो कार्यालयमा तुरून्त प्रकाशित गर्नु पर्नेछ । सो नामावलीको एक प्रति तुरून्त आयोगमा समेत पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नामावलीमा उम्मेदवारको नाम वर्णानुक्रम अनुसार लेखिनेछ र निजहरूको मनोनयनपत्रमा लेखिएको ठेगाना र कुनै राजनैतिक संगठन वा दलबाट मनोनीत उम्मेदवार भएमा सो संगठन वा दलको नाम समेत उल्लेख गरिनेछ ।

३९. निर्विरोध निर्वाचन: (१) कुनै निर्वाचन क्षेत्रमा एकजनाको मात्र मनोनयनपत्र दाखिल हुन आई सो मनोनयनपत्र रीतपूर्वकको भएमा वा एकभन्दा बढी मनोनयनपत्र दाखिल भएकोमा अरू उम्मेदवारले नाम फिर्ता लिई वा अरू मनोनयनपत्र बदर भई एकजना मात्र उम्मेदवार बाँकी हुन आएमा निर्वाचन अधिकृतले सो निर्वाचन क्षेत्रवाट सो उम्मेदवार निर्विरोध निर्वाचित भएको भनी तोकिएबमोजिम घोषणा गर्नेछ ।

(२) कुनै निर्वाचन क्षेत्रमा निर्वाचनको लागि उम्मेदवारको सङ्ख्या एकजनाभन्दा बढी भएमा सो निर्वाचन क्षेत्रमा मतदान हुनेछ ।

४०. निर्वाचन चिन्ह: (१) आयोगले उम्मेदवारहरूलाई वितरण गर्ने निर्वाचन चिन्ह निर्धारण गर्नेछ । त्यसरी निर्धारण गर्दा आयोगले

आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस ऐन बमोजिम आयोगमा नाम दर्ता भएका राजनैतिक संगठन वा दलको निमित्त र स्वतन्त्र उम्मेदवारको निमित्त छुट्टा छुट्टै निर्वाचन चिन्हका समूहहरू निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको निर्वाचन चिन्ह प्रत्येक उम्मेदवारलाई तोकिएबमोजिम प्रदान गरिनेछ ।

(३) उपदफा (२) अनुसार निर्वाचन चिन्ह प्रदान गर्दा आयोगले यस ऐन बमोजिम आयोगमा नाम दर्ता भएका राजनैतिक संगठन वा दललाई कुनै पनि निर्वाचन क्षेत्रमा आफूले खडा गरेका उम्मेदवारले प्रयोग गर्न पाउने गरी एकै प्रकारको निर्वाचन चिन्ह प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रदान गरिएको निर्वाचन चिन्ह सो राजनैतिक संगठन वा दलका उम्मेदवारले बाहेक अरू कसैले पनि प्रयोग गर्न पाउने छैन ।

(५) यस दफा बमोजिम प्रदान गरिने निर्वाचन चिन्ह प्रयोग गर्ने आफ्ना उम्मेदवारहरूको नामावली सम्बन्धित राजनैतिक संगठन वा दलले आयोगबाट तोकिएको समयभित्र अयोगलाई र प्रत्येक निर्वाचनक्षेत्रका निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) उम्मेदवारले निर्वाचन चिन्ह प्राप्त गरिसकेपछि निजले सो राजनैतिक संगठन वा दल त्याग गरेमा पनि वा अर्को संगठन वा दलमा प्रवेश गरेतापनि सो निर्वाचन चिन्ह परिवर्तन हुन सक्ने छैन ।

(७) एकभन्दा बढी राजनैतिक संगठन वा दलले एउटै वा उस्तै प्रकारको निर्वाचन चिन्ह माग गरेमा आयोगले तोकिएबमोजिमको तरीकाबाट निर्धारण गरी निर्वाचन चिन्ह प्रदान गर्न सक्नेछ ।

(८) यस दफा बमोजिम निर्धारण गरिएको निर्वाचन चिन्ह वितरण गर्दा कुनै गल्ति भएको वा फरक पर्न गएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्ने आयोगलाई लागेमा आयोगले त्यस्तो चिन्ह परिवर्तन गर्न सक्नेछ ।

(६) स्वतन्त्र रूपले खडा भएका उम्मेदवारले प्रयोग गर्ने गरी निर्धारण गरिएका निर्वाचन चिन्ह तोकिएबमोजिमको तरीका अनुसार निर्वाचन अधिकृतले प्रदान गर्नेछ ।

४१. उम्मेदवारको मृत्यु भएमा: (१) दफा ३८ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशित हुनुभन्दा अघि मनोनयनपत्र रीतपूर्वकको ठहरिसकेको र आफ्नो नाम फिर्ता नलिएको कुनै उम्मेदवारको मृत्यु भएमा र त्यस्तो मृत्यु भएको लिखित सूचना निज उम्मेदवारको निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिबाट प्राप्त भएमा र सो कुरामा निर्वाचन अधिकृत विश्वस्त भएमा निर्वाचन अधिकृतले सो निर्वाचनक्षेत्रको अन्य कार्यक्रम तुरुन्त स्थगित गर्नु पर्नेछ र घटनाको सम्पूर्ण विवरणको जानकारी यथाशीघ्र आयोगलाई दिनु पर्नेछ । त्यसरी कार्यक्रम स्थगित भएको सूचना अन्य उम्मेदवारहरू समेतको जानकारीको लागि निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा टाँस्नु पर्नेछ ।

(२) दफा ३८ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशित भइसकेपछि सो अन्तिम नामावलीमा नाम रहेको कुनै उम्मेदवारको मृत्यु भएमा र त्यस्तो मृत्यु भएको लिखित सूचना निज उम्मेदवारको निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिबाट प्राप्त भएमा र सो कुरामा निर्वाचन अधिकृत विश्वस्त भएमा निर्वाचन अधिकृतले सो निर्वाचनक्षेत्रको मतदानको कार्यक्रम तुरुन्त स्थगित गर्नु पर्नेछ र घटनाको सम्पूर्ण विवरणको जानकारी यथाशीघ्र आयोगलाई दिनु पर्नेछ । त्यसरी कार्यक्रम स्थगित भएको सूचना अन्य उम्मेदवारहरू समेतको जानकारीको लागि निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा टाँस्नु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) आयोगले उपदफा (१) बमोजिमको जानकारी प्राप्त गरेपछि सो निर्वाचनक्षेत्रमा मतदानको कार्यक्रममा वास्तविक रूपमा असर नपर्ने गरी उम्मेदवारको मनोनयन सम्बन्धी कार्यक्रम यथाशक्य छिटो पूरा गर्ने गरी अर्को कार्यक्रम निर्धारण गरी निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ ।

(४) आयोगले उपदफा (२) बमोजिमको जानकारी प्राप्त गरेपछि सो निर्वाचनक्षेत्रमा मतदान गर्ने मिति लगायत निर्वाचनको लागि यस परिच्छेद बमोजिमको अन्य कार्यक्रम पुनः निर्धारण गरी निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ ।

(५) दफा ३८ बमोजिम प्रकाशित उम्मेदवारको अन्तिम नामावलीमा नाम रहेको उम्मेदवारले पुनः मनोनयनपत्र दाखिल गर्नु पर्ने छैन र मतदान स्थगित हुनुभन्दा अघि नाम फिर्ता लिएका व्यक्तिले उम्मेदवार हुनको लागि पुनः मनोनयनपत्र दाखिल गर्न सक्नेछ ।

४२. उम्मेदवारको परिचयपत्रः यस परिच्छेद बमोजिम अन्तिम नामावलीमा कायम रहेका उम्मेदवारहरूलाई निर्वाचन अधिकृतले तोकिए-बमोजिमको परिचयपत्र समेत दिनेछ ।

## परिच्छेद– ८

## मतदानकेन्द्र, मतपत्र र मतपेटिका

४३. मतदानकेन्द्रः निर्वाचन अधिकृतले आयोगको पूर्व स्वीकृति लिई निर्वाचनक्षेत्रमा आवश्यक सङ्ख्यामा मतदानकेन्द्र तथा उपकेन्द्रहरू तोक्नेछ र त्यसको सूची तोकिएबमोजिम प्रकाशित गर्नेछ ।

४४. मतपत्रः (१) मतदान अधिकृतले मतदानकेन्द्रमा उपस्थित भएको मतदातालाई तोकिएबमोजिम रीत पुऱ्याई मतपत्र दिनेछ ।

(२) मतपत्रको ढाँचा आयोगले तोके बमोजिमको हुनेछ र मतपत्रमा प्रत्येक उम्मेदवारको निर्वाचन चिन्ह समेत रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५. मतपेटिका: मतदानको लागि आयोगले तोकेबमोजिमको मतपेटिकाको प्रयोग हुनेछ ।

परिच्छेद– ६

मतदान

४६. मतदानको समय: मतदान हुने मितिमा मतदान गर्ने समय दफा २५ को उपदफा (१) बमोजिमको सूचनामा तोकेबमोजिम हुनेछ ।

४७. मतदान गर्ने: कुनै निर्वाचनक्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताले सोही निर्वाचनक्षेत्रमा मात्र मतदान गर्न पाउनेछ ।

४८. मतदान गर्ने तरीका: (१) मतदाताले मतपत्रमा आयोगले तोकेबमोजिमको चिन्ह वा छाप लगाई मतदान गर्नु पर्नेछ ।

(२) मतदाताले मतदान गर्दा आफुले रोजेको कुनै एकजना उम्मेदवारको निर्वाचन चिन्ह भएको मतपत्रको कोठामा गोप्य रूपमा मत सङ्केत गरी मतदान गर्नु पर्नेछ ।

(३) सम्बन्धित निर्वाचनक्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताको नामबाट कुनै अर्को व्यक्तिले मतदान गर्न हुँदैन । कसैले अर्को मतदाताको नामबाट मतपत्र लिइसकेको र सो कुरा वास्तविक देखिन आएमा मतदान अधिकृतले त्यस्तो मतपत्र बदर गरी सोही व्यहोरा तोकिएबमोजिम जनाई वास्तविक मतदातालाई अर्को मतपत्र दिन सक्नेछ ।

(४) यस ऐन बमोजिम मतदान गर्न योग्यता नपुगेका व्यक्तिले निर्वाचनमा मतदान गर्नु हुँदैन ।

(५) कुनै पनि मतदाताले एकभन्दा बढी निर्वाचनक्षेत्रमा मतदान गर्नु हुँदैन ।

(६) कुनै मतदाताले कुनै निर्वाचनक्षेत्रमा एकभन्दा बढी मत दिनु हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) उपदफा (४), (५) र (६) बमोजिम मतदान गर्न नहुने कुनै मतदाता मतदानकेन्द्रमा मतपत्र लिन आएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई मतपत्र दिन इन्कार गर्न सक्नेछ ।

४९. सङ्कटकालीन अवस्थामा मतदान स्थगित गर्न सकिने: (१) कुनै मतदानकेन्द्रमा हिंसात्मक हूलदङ्गा वा उपद्रव वा प्राकृतिक विपत्ति वा आफ्नो काबू बाहिरको अन्य कुनै कारणले मतदानको काम हुन नसक्ने कुरामा सो मतदानकेन्द्रमा नियुक्त मतदान अधिकृत वा सो निर्वाचनक्षेत्रको निर्वाचन अधिकृत विश्वस्त भएमा निजले सो मतदानकेन्द्रको मतदानकार्य तत्काल स्थगित गर्न सक्नेछ र सो को सूचना सोही स्थानमा प्रकाशित गर्नेछ । मतदान अधिकृतले सो मतदान स्थगित गरेको रहेछ भने निजले सोको सूचना तुरुन्त निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित भएको व्यहोराको जानकारी निर्वाचन अधिकृतले तुरुन्त आयोगलाई र अन्य सम्वन्धित अधिकारीलाई समेत दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी प्राप्त गरेपछि आयोगले अन्यथा निर्देशन दिएमा बाहेक निर्वाचन अधिकृतले सो मतदानकेन्द्रमा पुनः मतदान हुने मिति र समय तोकी सूचना प्रकाशित गरी पुनः मतदान गराउनेछ ।

५०. मतदानकेन्द्रको अनधिकृत कब्जा: (१) निम्नलिखित अवस्थामा मतदानकेन्द्रको अनधिकृत कब्जा भएको मानिनेछः–

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवारका समर्थक मतदाता-हरूलाई मात्र मतदान गर्न दिएमा वा अन्य मतदाता-हरूलाई मतदान गर्न नदिएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास वा धम्की दिएमा वा मतदान गर्नको लागि मतदान-केन्द्र वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा,

(ग) कसैले बल प्रयोग गरी वा नगरी मतदानकार्य सञ्चालन गर्न खटिएका अधिकारीलाई आफ्नो कर्तव्य पालन गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदान सम्बन्धी सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रूपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा ।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था परेमा त्यसको प्रतिवेदन मतदान अधिकृतले निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि आयोगले सो स्थानमा जाँचबुझ गर्न पर्यवेक्षक खटाउन सक्नेछ र त्यसरी पर्यवेक्षक खटाइएकोमा सो पर्यवेक्षकको प्रतिवेदन र अन्य वस्तुस्थिति समेतको आधारमा आयोगले सो मतदानकेन्द्रको मतदान रद्द गर्न सक्नेछ र त्यसरी रद्द गरिएको सो मतदान-केन्द्रमा आयोगको निर्देशनमा निर्वाचन अधिकृतले पुनः मतदान गर्ने मिति र समय तोक्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदन र अन्य वस्तु-स्थितिबाट मतदानकेन्द्रहरूको अनधिकृत कब्जा भएको कारणले निर्वाचनको परिणाममा प्रभाव पर्ने सम्भावना देखिएमा आयोगले सो निर्वाचनक्षेत्रको निर्वाचन रद्द गर्न सक्नेछ र सो निर्वाचन-क्षेत्रमा आयोगको निर्देशनमा निर्वाचन अधिकृतले पुनः मतदान गर्ने मिति र समय तोक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५१. मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएमा: (१) कुनै मतदानकेन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा मतदान अधिकृतले सो मतदानकेन्द्र रहेको निर्वाचनक्षेत्रको निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले आयोगलाई त्यसको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतको नियन्त्रणमा रहेको कुनै मतदान-केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका कुनै किसिमले खोसिएमा वा दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा निर्वाचन अधिकृतले आयोगलाई त्यसको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ ।

(३) आयोगले उपदफा (१) वा (२) बमोजिमको प्रतिवेदन प्राप्त गरेपछि सो सम्बन्धमा सबै घटना र परिस्थितिको जाँचबुझ गर्न पर्यवेक्षक खटाउन सक्नेछ र त्यसरी पर्यवेक्षक खटाइएकोमा पर्यवेक्षकको प्रतिवेदन समेतको अध्ययन गरी सो मतदानकेन्द्रको मतदान रद्द गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मतदान रद्द गरिएको मतदानकेन्द्रमा आयोगको निर्देशनमा सम्बन्धित निर्वाचन अधिकृतले पुन: मतदान गर्ने मिति र समय तोक्नेछ र त्यसको सूचना प्रकाशित गर्नेछ ।

५२. मुख्य निर्वाचन अधिकृतलाई सूचना दिनु पर्ने: दफा ४६, ५० र ५१ बमोजिमको अवस्थामा निर्वाचन अधिकृतले जिल्लामा मुख्य निर्वाचन अधिकृत रहेको भए निजलाई समेत सूचना दिनु पर्नेछ ।

५३. नाम ढाँटी मतदान गर्न आएमा विरोध गर्ने: (१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नामले मतदान गर्नको लागि मतपत्र लिन आएमा उम्मेदवार वा निजको प्रतिनिधिले तोकिए-बमोजिमको रकम धरौट राखी मतदान अधिकृत समक्ष तोकिए-बमोजिम विरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विरोध भएमा मतदान अधिकृतले सो सम्वन्धमा ठाडो बुझी तत्काल निर्णय गर्नु पर्नेछ र यसरी पर्न आएको विरोध र सो को निर्णय तोकिएबमोजिमको निर्णय किताबमा तुरुन्त जनाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विरोध ठीक ठहरेमा मतदान अधिकृतले सो धरौट रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनेछ । विरोध ठीक नठहरेमा सो धरौट रकम जफत हुनेछ ।

५४. मतदानकेन्द्रमा प्रवेश: (१) मतदान अधिकृतले मतदानकेन्द्रमा देहायका व्यक्तिहरू बाहेक अरूलाई प्रवेश गर्न दिने छैन:-

(क) मतदाताहरू,

(ख) उम्मेदवार वा निजको एक जना प्रतिनिधि,

(ग) आयोगबाट वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्तिहरू ।

(२) मतदानको समय समाप्त भएपछि मतदानकेन्द्रमा प्रवेश गरिसकेका मतदाता बाहेक अन्य मतदाताले मतदान केन्द्रमा प्रवेश गर्न पाउने छैन ।

५५. मतदान अधिकृतले निरीक्षण गर्ने: कुनै मतदाता मतसङ्केत गर्ने स्थानमा मनासिव समयभन्दा बढी समयसम्म बसेमा वा मतदान अधिकृतलाई कुनै सङ्का लागेमा निजले मतसङ्केत गर्ने स्थानमा प्रवेश गरी निरीक्षण गर्न सक्नेछ ।

५६. अशक्त मतदाता: (१) कुनै मतदाताले शारीरिक अशक्तता वा अरू कुनै कारणवश आफै मतदान गर्न नसक्ने भई आफ्नो पत्यारको कुनै व्यक्तिलाई साथ लैजान अनुमति मागेमा र मतदान अधिकृतले सो उपयुक्त सम्झेमा त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मतसङ्केत गर्ने स्थानमा प्रवेश गर्न दिनेछ ।

(२) कुनै मतदाता स्वयं मतदान गर्न असमर्थ भई मतदान अधिकृतलाई मतपत्रमा आफूले रोजेको उम्मेदवारको चिन्ह रहेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कोठामा मतसङ्केत गरिदिन अनुरोध गरेमा सो मतदान अधिकृतले सो मतदाताको इच्छा अनुसार निजको हकमा मतसङ्केत गर्ने काममा सहयोग दिन सक्नेछ ।

## परिच्छेद–१०
## मतगणना र निर्वाचन परिणाम

५७. मुख्य निर्वाचन अधिकृतले मतगणनाको समन्वय गर्ने: एकभन्दा बढी निर्वाचनक्षेत्र भएका जिल्लाका मुख्य निर्वाचन अधिकृतले आफ्नो जिल्लाभित्रको निर्वाचनक्षेत्रहरूको मतगणना गर्ने कामको रेखदेख, नियन्त्रण, निर्देशन, सुपरिवेक्षण र समन्वय समेत गर्नेछ । प्रत्येक निर्वाचन अधिकृतले मुख्य निर्वाचन अधिकृतको निर्देशन पालन गर्नु निजको कर्तव्य हुनेछ ।

५८. मतगणनाको सूचना: निर्वाचनक्षेत्रका सबै मतदानकेन्द्रहरूको मतदान भएका सबै मतपेटिकाहरू मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मुख्य निर्वाचन अधिकृतको निर्देशन बमोजिम मतगणना गर्ने स्थान, मिति र समयको सूचना उम्मेदवारहरूको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ ।

५९. मतगणना: (१) निर्वाचन अधिकृतले दफा ५८ बमोजिमको सूचनामा उल्लेख गरिएको स्थान, मिति र समयमा तोकिए-बमोजिम मतगणना प्रारम्भ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मतगणना गर्ने स्थान, मिति र समयमा उम्मेदवार, निजको निर्वाचन प्रतिनिधि र आवश्यकता अनुसार मतगणना प्रतिनिधि उपस्थित रहन सक्नेछन् ।

(३) यस ऐन बमोजिम कुनै निर्वाचनक्षेत्रको कुनै मतदानकेन्द्रमा पुनः मतदान गर्नु पर्ने भएमा त्यस्तो मतदानकेन्द्रको मतदानको कार्य समाप्त नभएसम्म सो निर्वाचनक्षेत्रको अन्य मतदानकेन्द्रको मतगणना प्रारम्भ गरिने छैन ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०. मतगणना गर्ने स्थानमा प्रवेश: (१) निर्वाचन अधिकृतले सम्बन्धित निर्वाचनक्षेत्रको उम्मेदवार र निजको निर्वाचन प्रतिनिधि तथा मतगणना प्रतिनिधि, मतगणनाको काममा खटिएका व्यक्तिहरू र सुरक्षाको लागि खटिएका कर्मचारीहरू तथा आयोगले खटाएको व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन सक्नेछ ।

(२) मतगणना गर्ने काममा बाधा दिने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ र त्यस्तो आदेश पाएको व्यक्तिले मतगणना गर्ने स्थानबाट बाहिर जानु पर्नेछ । सो आदेश पालन नगरी अटेर गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतको आदेशले सो स्थानमा सुरक्षाको लागि खटिएको कर्मचारीले सो स्थानवाट बाहिर पठाउनेछ ।

६१. मतगणना लगातार गर्ने: (१) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गरेपछि मतगणना समाप्त नभएसम्म सो मतगणनाको काम लगातार गर्नु पर्नेछ।

(२) कुनै कारणवश मतगणनाको काम लगातार जारी राख्न नसकिने अवस्था भई बीचैमा रोक्नु परेमा निर्वाचन अधिकृतले गणना गरिसकेका मतपत्रहरू, मतगणना अभिलेखहरू, मतगणना गर्न बाँकी रहेका मतपत्रहरू र मतगणना गर्न बाँकी मतपेटिकाहरूको लगत समेत तयार गरी अलग-अलग खाममा राखी वन्द गर्नु पर्नेछ र आफ्नो लाहाछाप समेत लगाउनु पर्नेछ । उम्मेदवार वा निजको मतगणना प्रतिनिधि वा निर्वाचन प्रतिनिधिले चाहेमा निजको लाहाछाप समेत लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम रोकिएको मतगणनाको काम यथासम्भव सो दिनको भोलिपल्ट पुन: प्रारम्भ गर्नु पर्नेछ । यस उपदफा बमोजिम मतगणना पुन: प्रारम्भ हुने सूचना सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मतगणना प्रतिनिधिलाई दिनु पर्नेछ र मतगणना गर्ने स्थानमा समेत प्रकाशित गर्नु पर्नेछ ।

६२. मतगणना पूरा हुनु अघि मतपत्र नोक्सान भएमा: (१) मतगणना पूरा हुनुभन्दा पहिले कुनै मतदान केन्द्रमा प्रयोग गरिएको मतपत्र वा मतपत्र रहेको मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा वा खोलिएमा वा दुर्घटनावश नाश भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा वा हराएमा निर्वाचन अधिकृतले सो कुराको प्रतिवेदन आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त गरेपछि आयोगले सो घटनाको सम्बन्धमा कुनै जाँचबुझ गर्नु पर्ने आवश्यकता देखिएमा जाँचबुझ समेत गरी मतगणना गर्न बाँकी रहेका मतदानकेन्द्रको मतगणनाको काम स्थगित गर्न आदेश दिनेछ ।

(३) उपदफा (२) बमोजिम मतगणनाको काम स्थगित गरिएपछि आयोगले उपदफा (१) बमोजिमको घटना भएको मतदानकेन्द्रको सम्पूर्ण मतदान अवैध भएको घोषणा गर्नेछ र आयोगको निर्देशनमा निर्वाचन अधिकृतले त्यस्तो मतदानकेन्द्रमा पुन: मतदान गर्ने स्थान, मिति र समय तोकी सूचना प्रकाशित गर्नेछ ।

६३. मतगणनास्थलको अनधिकृत कब्जा: (१) निम्नलिखित अवस्थामा मतगणनास्थलको अनधिकृत कब्जा भएको मानिनेछ:-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतगणना स्थललाई आफ्नो कब्जामा लिएमा वा मतगणनाको कार्यमा संलग्न रहेका अधिकारी वा कर्मचारीबाट मतपत्र वा त्यस्तो मतपत्र रहेको मतपेटिका आफ्नो कब्जामा लिएमा वा यस्तै अन्य कार्य गरी मतगणनाको कार्यमा दखल दिएमा वा प्रभावित पारेमा, वा

666



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) मतगणनाको कार्यमा संलग्न रहेको कुनै व्यक्तिले खण्ड (क) बमोजिमको कार्य गरेमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा वा अनुमति दिएमा ।

(२) उपदफा (१) बमोजिम मतगणनास्थलको अनधिकृत कब्जा भएमा निर्वाचन अधिकृतले त्यसको प्रतिवेदन आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि आयोगले सो घटनाको सम्बन्धमा कुनै जाँचबुझ गर्नु पर्ने आवश्यकता देखेमा जाँचबुझ समेत गरी मतगणना गर्न बाँकी रहेका मतदानकेन्द्रको मतगणनाको काम स्थगित गर्न आदेश दिनेछ ।

(४) उपदफा (३) बमोजिम मतगणनाको काम स्थगित गरिएपछि आयोगले उपदफा (१) बमोजिमको घटना भएको मतदानकेन्द्रको सम्पूर्ण मतदान अवैध भएको घोषणा गर्नेछ र आयोगको निर्देशनमा निर्वाचन अधिकृतले त्यस्तो मतदानकेन्द्रमा पुनः मतदान गर्ने स्थान, मिति र समय तोकी सूचना प्रकाशित गर्नेछ ।

६४. मतपत्र बदर हुने अवस्थाः देहायको अवस्थामा मतपत्र बदर हुनेछ–

(क) सम्बन्धित मतदान अधिकृतको सहिछाप नभएको,

(ख) तोकिए बमोजिम मतसङ्केत नगरी अन्य कुनै किसिमले मतसङ्केत गरिएको वा अन्य कुनै चिह्न लेखिएको,

(ग) मतसङ्केतको चिह्न नबुझिने गरी च्यातिएको वा लत्पत्तिएको वा फोहर गरिएको,

(घ) उम्मेदवारको चिह्न रहेको कोठामा मतसङ्केत नगरी अन्यत्र मतसङ्केत गरिएको,

(ङ) उम्मेदवार नरहेको चिह्नमा मतसङ्केत गरिएको,

(च) मत नदिने निश्चय गरी मतदान अधिकृतलाई फिर्ता दिइएको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) कुन उम्मेदवारको लागि मत दिएको हो सो नछुट्टिने गरी मतसङ्केत गरिएको,

(ज) एकभन्दा बढी उम्मेदवारहरूको चिह्न भएको कोठामा छुने गरी मतसङ्केत गरिएको,

(झ) एकभन्दा बढी कोठाहरूमा मतसङ्केत गरिएको,

(ञ) सम्वन्धित मतदानकेन्द्रको लागि निर्धारित गरिएको मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(ट) अरू मतदाताको नामबाट मतदान गरिएको,

(ठ) जाली मतपत्र ।

६५. पुन: मतगणना: (१) कुनै निर्वाचनक्षेत्रको मतगणना समाप्त नहुँदै वा समाप्त भएपछि निर्वाचन परिणामको घोषणा हुनुभन्दा पहिले सम्वन्धित निर्वाचनक्षेत्रको कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गन्ती गराइपाउँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारण सहित लिखित निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा निर्वाचन अधिकृतले सो निवेदन तत्काल दर्ता गरी दोहोऱ्याई मत-गणना गर्नु पर्ने देखिएमा दोहोऱ्याई मतगणना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्वाचन अधिकृतले दोहोऱ्याई मतगणना गर्नु नपर्ने भएमा सोही व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित रहेका निज उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई निर्वाचन परिणामको घोषणा गर्नुभन्दा पहिले सो निर्णयको सूचना दिनु पर्नेछ ।

६६. मत बराबर भएमा: कुनै निर्वाचनमा मतगणनाको काम पूरा भइ-सकेपछि दुई वा दुईभन्दा बढी उम्मेदवारको मत बराबर भएमा निर्वाचन अधिकृतले मत बराबर पाउने उम्मेदवारहरूका बीच



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गोला हाली निर्णय गर्नेछ र सो निर्णय बमोजिम छानिएको उम्मेदवारले एक मत बढी प्राप्त गरेको मानिनेछ ।

६७. निर्वाचन परिणामको प्रकाशनः (१) कुनै निर्वाचनमा वुनै निर्वाचन क्षेत्रमा मतदान भएका सबै मतदानकेन्द्रहरूको मतगणनाको कार्य पूरा भइसकेपछि निर्वाचन अधिकृतले तोकिएबमोजिम मतगणनाको तालिका तयार गरी तोकिएबमोजिम निर्वाचन परिणाम प्रकाशित गर्नेछ र सो परिणाम तालिकाको एक प्रति तुरून्त आयोगमा पठाउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचनको परिणाम प्रकाशित गर्दा सबैभन्दा वढी सदर मत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा पनि गर्नु पर्नेछ ।

(३) निर्वाचनको परिणाम प्रकाशित गरिसकेपछि निर्वाचन अधिकृतले निर्वाचनसम्बन्धी अन्य विवरणहरू समेत भएको आफ्नो प्रतिवेदन तयार गरी आयोगमा यथाशीघ्र पठाउनु पर्नेछ ।

(४) आयोगले उपदफा (१) बमोजिम निर्वाचन परिणाम तालिका प्राप्त गरेपछि निर्वाचित सदस्यहरूको नामावली तयार गर्नेछ र सो बमोजिम निर्वाचित सदस्यहरूको नामावली संसद सचिवालयमा पठाउनेछ र आयोगले सो नामावली नेपाल राजपत्रमा समेत प्रकाशित गर्नेछ ।

६८. निर्वाचित मितिः निर्वाचन अधिकृतले दफा ६७ बमोजिम निर्वाचनको परिणाम घोषणा गरेको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मिति मानिनेछ ।

## परिच्छेद – ११
## उम्मेदवारको प्रतिनिधि

६९. निर्वाचन प्रतिनिधिः (१) कुन उम्मेदवारले कुनै व्यक्तिलाई निर्वाचनको लागि आफ्नो निर्वाचन प्रतिनिधि नियुक्त गरेमा सो को लिखित सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधिलाई उम्मेदवारले जुनसुकै बखत बदर गरी अर्को निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको सूचना निर्वाचन अधिकृतलाई तुरुन्त दिनुपर्नेछ ।

(३) निर्वाचन प्रतिनिधिको योग्यता तोकिए बमोजिम हुनेछ ।

७०. निर्वाचन प्रतिनिधिको कर्तव्य: दफा ६९ बमोजिम नियुक्त निर्वाचन प्रतिनिधिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा निर्वाचन प्रतिनिधिले गर्नु पर्ने भनी उल्लेख गरे बमोजिमको काम गर्नु निजको कर्तव्य हुनेछ ।

७१. मतदान प्रतिनिधि र मतगणना प्रतिनिधि: (१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले प्रत्येक मतदानकेन्द्रको लागि तोकिए-बमोजिम एक वा एकभन्दा बढी मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको लिखित सूचना मतदान अधिकृत र निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणनास्थलमा उपस्थित रहन तोकिएबमोजिम एक वा एकभन्दा बढी मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको लिखित सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नियुक्त भएको मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई उम्मेदवार वा निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसको सूचना निर्वाचन अधिकृत र मतदान अधिकृतलाई तुरून्त दिनु पर्नेछ ।

(४) मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधिको योग्यता तोकिएबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७२. मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको कर्तव्य: (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम मतदान प्रतिनिधिले मतदानकेन्द्रमा गर्नु पर्ने सबै काम गर्नु निजको कर्तव्य हुनेछ ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम मतगणना प्रतिनिधिले गर्नु पर्ने सबै काम गर्नु निजको कर्तव्य हुनेछ ।

७३. उम्मेदवार वा कुनै प्रतिनिधि अनुपस्थित रहेमा: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त नभएमा वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि उपस्थित रहनु पर्ने अवस्थामा उपस्थित नरहेमा वा निजहरूमध्ये कुनैले गर्नुपर्ने काम नगरेमा सोही कारणले मात्र मतदानको वा मतगणनाको काम रोकिने छैन र यस्ता काम अवैध मानिने छैन ।

## परिच्छेद – १२

## विविध

७४. धरौटी राख्नु पर्ने: (१) कुनै एक निर्वाचनक्षेत्रबाट निर्वाचनमा उम्मेदवार हुनको लागि तीन हजार रुपैयाँ धरौटी राख्नु पर्नेछ ।

(२) एक निर्वाचनक्षेत्रमा एउटै उम्मेदवारको निमित्त एकभन्दा बढी मनोनयनपत्र दाखिल भएको अवस्थामा एउटा मनोनयनको लागि मात्र धरौटी राखे पुग्नेछ । एकभन्दा बढी निर्वाचनक्षेत्रबाट उम्मेदवार हुने गरी मनोनयनपत्र दाखिल भएको अवस्थामा प्रत्येक निर्वाचनक्षेत्रको लागि अलग–अलग धरौटी राख्नु पर्नेछ ।

(३) उम्मेदवारको लागि मनोनयनपत्र दाखिल गर्दा निर्वाचन अधिकृतको कार्यालयमा नगद धरौटी राखेको रसीद वा निर्वाचन अधिकृतको कार्यालयको नाममा बैंकमा नगद जम्मा गरेको बैंक रसीद समेत मनोनयनपत्र साथ संलग्न गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७५. धरौटी जफत हुने: (१) कुनै निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुनेछ ।

तर निर्वाचित उम्मेदवारको हकमा यो कुरा लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिम धरौटी जफत हुने उम्मेदवार बाहेक अन्य उम्मेदवार र मनोनयनपत्र स्वीकृत नभएका वा नाम फिर्ता लिएका व्यक्तिले राखेको धरौटी सो निर्वाचन क्षेत्रको निर्वाचन परिणाम घोषणा भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले फिर्ता पाउनेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र धरौटी फिर्ता नलिएमा सो धरौटीको रकम सञ्चित कोषमा दाखिल हुनेछ ।

७६. निर्वाचन खर्च: (१) उम्मेदवारले निर्वाचनमा खर्च गर्न पाउने रकमको हद आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ ।

(२) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिएबमोजिम राख्नु पर्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "निर्वाचनको अवधि" भन्नाले कुनै निर्वाचनक्षेत्रमा उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मितिदेखि सो निर्वाचनक्षेत्रको निर्वाचनको परिणाम प्रकाशित भएको मितिसम्मको अवधि सम्झनुपर्छ ।

(३) कुनै उम्मेदवारले निर्वाचनमा गरेको जम्मा खर्च उपदफा (१) बमोजिम तोकिएको खर्चको रकमको हद भन्दा बढी हुनु हुँदैन ।

(४) उपदफा (२) बमोजिमको निर्वाचन खर्चको विवरण उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचन परिणामको

६८३ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घोषणा भएको मितिले तीस दिनभित्र निर्वाचन अधिकृतलाई दिनु पर्नेछ र निर्वाचन अधिकृतले सो विवरण आयोगमा पठाउनु पर्नेछ ।

७७. निर्वाचन सम्बन्धी कागजातको गोप्यता: (१) निर्वाचनमा प्रयोग भएका कागजातमध्ये मतगणनाको प्रयोजनको लागि आवश्यकता अनुसार खोली हेरी मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरी आयोगले तोकिदिएको अधिकृतको जिम्मामा राखिनेछ ।

(२) उपदफा (१) बमोजिम सिलबन्दी भइरहेको मत-पत्रको अधकट्टी, मतदानमा प्रयोग गरिएको मतदाता नामावली र सदर तथा बदर भएको मतपत्रहरू राखिएको सिलवन्दी खाम प्रचलित कानून बमोजिम परेको उजूरीको सिलसिलामा अदालतले मात्र खोल्न र हेर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अदालतको आदेशले खोलि हेरिएपछि सो अदालतले ती कागजात यथारूपमा सिलवन्दी गरी राख्नु पर्नेछ । अदालत बाहेक अन्य कुनै अधिकारी वा निकायलाई त्यस्तो बन्दी खाम खोली हेर्ने अधिकार हुने छैन ।

(४) यस दफामा उल्लेखित कागजहरू मुद्दा परेकोमा मुद्दाको अन्तिम टुंगो लागेको मितिले र मुद्दा नपरेकोमा उजूरी गर्ने म्याद भुक्तान भएको मितिले एक वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

७८. गोप्यता भङ्ग गर्न नहुने: (१) कानून बमोजिम अधिकार पाएकोमा बाहेक निर्वाचन सम्बन्धी काम गर्न खटिएको कुनै पनि कर्मचारी वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले सङ्केत गरेको मत वा तत्सम्बन्धमा आफू-लाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसै-लाई भन्न, लेख्न वा कुनै किसिमले प्रकाश समेत गर्नु हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन वा अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत चलेको कानूनी कारवाईमा कुनै पनि साक्षी वा कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी वा कसले कसलाई मत दिएको हो भनी प्रश्न गरिने छैन ।

७९. आदेश जारी गर्ने र निर्देशन दिने: (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको कुराका अतिरिक्त निर्वाचनको सम्वन्धमा आयोगले आवश्यक आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

(२) आयोगले निर्वाचन सञ्चालनको लागि निर्वाचनको काममा खटिएका कर्मचारीहरूलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको आदेश र निर्देशन पालन गर्नु उम्मेदवार, निजको प्रतिनिधिहरू तथा निर्वाचन सम्वन्धी काम कुराहरूको प्रचार प्रसार गर्न संलग्न रहने व्यक्तिहरू एवं निर्वाचनको काममा खटिएका कर्मचारीहरू समेत सबैको कर्तव्य हुनेछ ।

८०. मद्दत लिन सकिने: (१) निर्वाचन अधिकृत, मतदान अधिकृत वा आयोगले निर्वाचनको काममा खटाएको पर्यवेक्षक वा अन्य कुनै अधिकृतले निर्वाचनको कामको सिलसिलामा स्थानीय तहमा रहेका प्रहरी लगायत कुनैपनि सरकारी वा सुरक्षा सम्वन्धी निकायको मद्दत लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्वन्धित अधिकारीले मद्दत मागेमा आवश्यक मद्दत पुर्‍याउनु सम्वन्धित प्रहरी लगायतका सरकारी तथा सुरक्षा सम्वन्धी निकायको कर्तव्य हुनेछ ।

८१. नियम बनाउने अधिकार: यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले आयोगको परामर्श लिई नियमहरू बनाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२. बचाउः यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा आयोगबाट जारी भएको आदेश बमोजिम भए गरेको निर्वाचन सम्बन्धी कुनै काम कारवाईको सम्बन्धमा प्रचलित कानून बमोजिम गठित निर्वाचन विशेष अदालत बाहेक अन्य कुनै अदालतमा प्रश्न उठाउने छैन ।

लालमोहर सदर मितिः– २०४७।१०।२८।२

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।